**धवलागिरी गाउँपालिका, कार्यपालिकाको कार्यालय**

**मुना, म्याग्दी**

**बजार अनुगमन प्रतिवेदन २०८२/८३**

# १. पृष्ठभूमि

धवलागिरी गाउँपालिका क्षेत्रभित्र रहेका बजार केन्द्रहरूमा उपभोक्ताहरूको हक हित संरक्षण गर्न, दैनिक उपभोग्य वस्तुहरूको गुणस्तर कायम गर्न, कालोबजारी नियन्त्रण गर्ने तथा दर्ता नगरि सञ्चालन भएका व्यवसायलाई दर्ता गरि करको दायरामा ल्याउने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकमा मुख्य चाडपर्व भन्दा अगाडी बजार अनुगमन सम्पन्न गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यो अनुगमन गरिएको हो।

# २. अनुगमनको उद्देश्य

- उपभोक्तालाई गुणस्तरीय र स्वच्छ वस्तु तथा सेवा उपलब्ध गराउनु।
- खाद्यान्न तथा अन्य सामग्रीको कृत्रिम अभाव र मूल्यवृद्धिलाई नियन्त्रण गर्नु।
- म्याद नाघेका र अखाद्य वस्तुहरूको बिक्री वितरणमा रोक लगाउनु।
- व्यवसाय दर्ता तथा नवीकरणको अवस्था जाँच गर्नु।

# ३. अनुगमन टोली

अनुगमन समिति संयोजक प्रशासकीय अधिकृत श्री हरिहर पनेरुको नेतृत्वमा देहाय बमोजिमको टोली संलग्न थियो:

1. टोली संयोजक: प्रशासकिय अधिकृत हरिहर पनेरु
2. सदस्य (प्रहरी प्रतिनिधि): विक्रम तिवारी
3. सदस्य (उद्योग वाणिज्य संघ प्रतिनिधि): मदन मल्ल
4. सदस्य सचिव: खरिदार रमेश पौडेल

# ४. अनुगमन गरिएका मुख्य क्षेत्रहरू

- **मुना, ताकम, शिवाङ र फलियागाउँ।**
- किराना पसल, मासु पसल, होटल तथा रेष्टुरेन्ट।

- औषधि पसल

## ५. अनुगमनको क्रममा देखिएका मुख्य उपलब्धि तथा कैफियतहरू

| सि.नं. | पसल/व्यवसायको प्रकार | मुख्य निरीक्षण बुँदाहरू | कैफियत |
|---|---|---|---|
| १ | किराना पसल | म्याद नाघेका सामग्री (बिस्कुट, पेय पदार्थ) | केही पसलमा म्याद नाघेका सामग्री जफत गरि नष्ट गरिएको। |
| २ | होटल तथा रेष्टुरेन्ट | भान्छाको सरसफाई र मूल्यसूची | मूल्यसूची नराखिएको पाइएको। |
| ३ | मासु पसल | बधशाला र स्वच्छता | सुधार गर्न निर्देशन दिइएको। |
| ४ | औषधि पसल | अनुमति पत्र र भण्डारण | सन्तोषजनक रहेको। |

---

## ६. गरिएका कारबाहीहरू

- **जफत र नष्टः** अनुगमनका क्रममा भेटिएका म्याद नाघेका करिब रु. ५००० बराबरको सामानहरू स्थानीय प्रतिनिधि र प्रहरीको रोहबरमा नष्ट गरिएको छ।
- **सचेतीकरणः** पहिलो पटक सामान्य त्रुटी गर्ने व्यवसायीहरूलाई सचेत गराई सुधारका लागि ७ दिने म्याद दिइएको ।
- **जरिवानाः** पहिलोपटक सुधारको लागि अवसर दिने हेतुले कुनै पनि व्यवसायीलाई नगद जरिवाना नगरिएको।

## ७. निष्कर्ष तथा सुझावहरू

बजारमा अझै पनि ढक-तराजुको नवीकरण र मूल्यसूची राख्ने कार्यमा कमी देखिएको छ। आगामी दिनमा नियमित रूपमा अनुगमनलाई निरन्तरता दिनुपर्ने र व्यवसायीहरूलाई व्यवसाय दर्ता प्रक्रियामा ल्याउन प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

**प्रतिवेदन पेश गर्नेः**
नामः हरिहर पनेरु
पदः प्रशासकीय अधिकृत